गेरूवा गाउँपालिका अध्यक्ष श्री जमान सिंह के.सी. ज्यूले गेरूवा गाउँपालिकाको

१४ औ गाउँसभा अधिवेशनमा प्रस्तुत गर्नु भएको

आर्थिक बर्षको २०८०/०८१ को

# नीति तथा कार्यक्रम

गेरूवा गाउँपालिका, बर्दिया

२०८० असार १० गते, आइतवार

यस गाउँसभाका प्रमुख अतिथि ज्यू,

गाउँपालिका उपाध्यक्ष ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरू,

राष्ट्रसेवक कर्मचारीहरू, संचारकर्मी, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू,

संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि गठित गेरूवा गाउँपालिकाको १४ औं गाउँसभा अधिवेशन तथा दोस्रो आवधिक निर्वाचन पछिको तेस्रो अधिवेशनमा उपस्थित सम्पुर्ण महानुभावहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु।

१. नेपाली जनताको बलिदानीपूर्ण आन्दोलनहरूको उपलब्धि स्वरूप प्राप्त संविधानसभाद्वारा निर्मित नेपालको संविधानले तीन तहका सरकारको व्यवस्था गरी शासकीय सत्तालाई जनताको घरदैलोमा पुऱ्याएको छ। अधिकार सम्पन्न स्थानीय सरकारको व्यवस्थाले प्रत्येक नागरिकलाई शासन प्रणालीमा प्रत्यक्ष रूपमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरेको छ। जनताको निकटमा रहेका स्थानीय सरकारहरू सोही अधिकारको अभ्यास मार्फत नागरिकका हक अधिकारको संरक्षण गर्दै विकासका आकांक्षा पूरा गर्न प्रतिबद्ध भई अगाडि बढिरहेका छन्। यस अवसरमा नेपालमा प्रजातन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरू र बर्दिया राष्ट्रिय निकुञ्जका बन्यजन्तुको आक्रमणमा परी निधन हुनु भएका मतृकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका तथा बेपत्ता पारिएका नागरिकहरूप्रति उच्च सम्मान प्रकट गर्दछु।

२. सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी,जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक,निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

३. यस गाउँपालिलाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाकोपहिचान कायम राख्न योजनावद्ध शहरीकरण तथा वस्ति विकास गर्ने, कृषि तथा पशुपालन ब्यवसायको प्रवर्द्धन गर्ने र तिव्र गतिमा भौतिक पूर्वाधार विकास गर्ने कार्यलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएको छ।

## ४. विद्यमान परिवेश

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थतन्त्र पुन युक्रेन युद्ध र सोबाट विश्व आपूर्तिश्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा देश छोडेर विदेशीनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेतवारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

यस गरिमामय १४ औ गाउँसभा समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि गाउँपालिकाले विगत ६ बर्षमा प्राप्त गरेका उपलब्धिहरूको छोटकरीमा स्मरण गर्न चाहन्छु।

१. **"समृद्ध गेरूवा गाउँपालिका निर्माणको आधार, कृषि पर्यटन र पूर्वाधार"** भन्ने नाराका साथ मिति २०७४ भदौ १६ गते सम्पन्न पहिलो ऐतिहासिक गाउँसभाको अधिवेशनबाट अघि बढेको हाम्रो विकास र समृद्धिको यात्रा आज छैठौं बर्ष पुरा गरी सातौं बर्षमा प्रवेश गर्दै गर्दा १३ वटा गाउँसभा सफलतापूर्वक सम्पन्न भइसकेका छन्।
२. उक्त अवधिमा हामिले विकास र समृद्धका समग्र क्षेत्रहरूमा जग बसाल्ने काम गरेका छौं।
३. गाउँपालिकालाई आवश्यक पर्ने धेरै जसो ऐन, नियम, कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छौं।
४. संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी संगठन संरचनालाई एकिन गरिएको छ।

५. कुनै पनि सडक कालोपत्रे नभएको यस गाउँपालिमा हालसम्म लामा छोटा गरी करिब १७.१० किलोमिटर सडक कालोपत्रे गरिएको छ, भने हाल क्रमागत योजनाका रूपमा सञ्चालनमा रहेका थापा राइस मिल देखि स्याउलीबजार हुँदै मैनापोखरसम्म सडक कालोपत्रे, पथरैया पटवारीपुर कटेशपुर झवही सडक कालोपत्रे, पाताभार-बालुवाटार सडक, एकप्रिय मावि भैरमपुर सडक, बिहानी बजार-मिलन चोक हुदैं कानपुर सडक, शान्तिबजार खुटेना सडक जस्ता योजनाहरूको सम्पन्न पश्चात यो परिमाण लगभग दोब्बरले बढ्ने निश्चित नै छ।

६. भने ७१.३९ किलोमिटर सडक माटो पटानी तथा ग्राभेल गरी बाटो निर्माण तथा स्तरउन्नोती गरिएको छ। र उक्त सडकमा आवश्यक पर्ने स्थानहरुको पहिचान गर्दै प्राथमिकताका आधारमा ४ वटा पक्की पुल, १०७ वटा पक्की कल्भर्ट, १६२४ मिटर कुलो पन्फेकुवा तथा डुढ एवंम् विभिन्न स्थानहरुमा २१८० मिटर पर्खाल तथा वाल निर्माणका हुनुका साथै ४ वटा तटबन्द र तारजाली समेत निर्माण गरिएको छ।

७. गेरूवा गाउँकार्यपालिका कार्यालयको प्रशासकीय भवनका साथै वडा नं. १, ३, ४, ५, र ६ गरी ५ वटा वडा कार्यालयको नयाँ भवन निर्माण सम्पन्न गरिएको छ भने वडा नं. २ को भवनलाई मर्मत र स्तरोन्नति गरीएको छ। त्यस्तै गरि वडा नं. १ र २ को आधारभुत स्वास्थ्य सेवा केन्द्र, वडा नं. ४ को स्वास्थ्य चौकी र वडा नं. ६ को बर्थिङ सेन्टर जस्ता भवनको निर्माणले सेवा प्रवाहमा सहजता भएको हाम्री सबैले महशुस गरेका छौं।

८. यस गाउँपालिकाको गौरवमय योजनाको रुपमा सञ्चालनमा रहेको १० शैया अस्पतालको लागी आवश्यक जग्गा प्राप्तिको कार्य पुर्ण भई निर्माणाधिन चरणमा रहेको छ भने कार्यसम्पादन छिटो हुने हेतुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट बजेट प्राप्तिमा भएको ढिलाईलाई सम्बोधन गर्न पालिकाबाट समय-समयमा ताकेता गरी कार्य अगाडि वढाईएको छ।

९. त्यसैगरी पालिकाका विभिन्न स्थानमा सामुदायिक भवनहरू, खोप केन्द्र, गाउँघर क्लिनिक, सार्वजनिक शौचालयहरू लगायतका आवश्यक संरचनाहरू निर्माण गरिएका छन।

१०. विद्यालय भौतिक निर्माण एंव सुधारको कार्यक्रम तर्फ सामुदायिक विद्यालयमा १७ वटा २ कोठे तथा ४ कोठे पक्कि भवन, २१ वटा शौचालय ३ वटा विद्यालयमा पर्खाल तथा घेराबार र १४ वटा विद्यालयमा स्वच्छ खानेपानी संरचना निर्माण गरिएको छ। जसमा पशुपति मा.वि. प्राविधिक विद्यालय भवन समेत निर्माण भएको छ।

११. गाउँपालिका भित्रका अति विपन्न नागरिकहरुको छनोट गर्दै ११६ वटा सामुहिक आवासका भवनहरु निर्माण गरि हस्तान्तरण गरि उनिहरुको जिविकोपार्जनमा थप टेवा पुऱ्याइएको छ ।

१२. प्रविधिको उच्चतम प्रयोगबाट विद्यालयलाई सुचना प्रविधिमैत्री बनाई शिक्षण सिकाइ तथा विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन २० वटा विद्यालयहरूमा ICT कार्यक्रम लागु गरिएको छ।

१३. स्वास्थ्य तथा पोषण सम्बन्धि कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागी ५ वटा सामुदायिक माध्यमिक विद्यालयमा स्टाफ नर्सको ब्यवस्था गरी सेवा सञ्चालन गरिएको छ।

१४. गेरूवा गाउँपालिकाको गौरवको रूपमा **"हाम्रो गेरूवा"** नामक स्थानीय पाठ्यक्रम छपाइ आधारभुत तह कक्षा १-८ सम्म पठनपाठन गर्ने गरी गाउँपालिकाका सम्पुर्ण बिद्यालयमा कार्यान्वयनमा ल्याइएको छ।

१५. गेरूवा गाउँपालिकाको शिक्षा सुधारका लागि रणनैतिक कार्ययोजना र नीतिगत ब्यवस्थाको रूपमा आ.व. २०७९/०८० देखि ५ बर्षे शिक्षा नीति तथा योजना स्विकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

१६. शिक्षामा बर्षौंदेखि जनशक्ति अभावको अवस्थालाई न्यूनीकरण गरी गुणस्तर सुधार गर्न विद्यार्थी संख्याको आधारमा आधारभुत तह (कक्षा ६-८) मा २२ जना र मा.वि.मा १० जना बिषयगत शिक्षक गरी कुल ३२ जना स्थानीय दरबन्दीमा गाउँपालिका अनुदान शिक्षकको ब्यवस्था गरिएको छ।

१७. छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि २०७७ अनुसार यस गाउँपालिकाका सबै सार्वजनिक विद्यालयमा अध्यनरत अति बिपन्न दलित, जनजाति, अपाङ्ग, सिमान्तकृत समुदायका बालबालिका र जेहेन्दार बिद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने गरिएको छ।

१८. गाउँपालिकामा बहुमुखि क्याम्पस स्थापनाको लागी मध्यपश्चिमाअञ्चल विश्वविद्यालय विरेन्द्रनगर सुर्खेतसँग आवश्यक पहल गरी सम्वन्धन प्रासिको प्रक्रियामा अगाडी बढेको छ।

१९. यस गाउँपालिका भित्र स्थायी रूपमा बसोबास गर्ने नागरिकहरूका बढीमा २ सन्तानसम्म जन्मिएका छोरीहरूको वृत्तिविकासको लागि एक पटक मात्र छोरीकै वैंक खाता मार्फत रू. ५०००/-का दरले प्रोत्साहन रकम उपलब्ध गराउने **"छोरी बचाउ कार्यक्रम"** कार्यान्वयनमा ल्याइएको छ। जसबाट हालसम्म ४५८ जना छोरीहरू लाभान्वित भएका छन।

२०. यस गाउँपालिका भित्रका सबै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थाबाट सुत्केरी सेवा प्रदान गर्ने गरिएको छ भने जटिलताका कारण वर्थिङ सेन्टरबाट प्रेषण भएका बिपन्न बर्गका गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सेवाको ब्यवस्थाका साथै प्रत्येक सुत्केरी महिलालाई पोषण खर्च वापत नगद रू.५००० /-प्रदान गर्दै आएको छ, जसको प्रतिफल स्वरुप बिगत ३ बर्ष देखि यस गाउँपालिका भित्र बसोवास गरेका कुनै पनि गर्भवति तथा सुत्केरी महिलाले अकालमा ज्यान गुमाउनु परेको छैन।

२१. स्वास्थ्य अभिलेख र प्रतिवेदनलाई पारदर्शि बनाई स्वास्थ्य सेवा प्रवाहलाई छिटो, छरितो र सरल बनाउनको लागी सफ्टवेयर मार्फत सेवा प्रदान गर्ने कार्यको सुरूवात गर्नुका साथै सबै महिला स्वंयम सेविकालाई साइकल वितरण गरिएको छ।

२२. ज्येष्ठ नागरिक परिचयपत्र वितरण प्रणालीलाई अनलाइन मार्फत गरी हालसम्म ५३८ जना लाभान्वित भएका छन।

२३. नेपाल सरकारको स्विकृत कार्यविधि अनुसार संघिय सरकारबाट सोधभर्ना हुने गरी मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइराख्नु परेका, क्यान्सर समस्या भएका र मेरुदण्डको पक्षघात भएका

दिर्घरोगिहरूलाई उपचार खर्च वापत मासिक रूपमा रू. ५०००/- उपलब्ध गराउने गरिएको छ। जस अन्तगर्त यस गाउँपालिका जम्मा २८ जना दिर्घरोगिहरूले उक्त उपचार खर्च पाइराखेका छन।

२४. कृषिको राम्रो सम्भाव्यतालाई दृष्टिगत गर्दै कृषि तथा पशु प्राविधिकहरुको व्यवस्था बाट कृषकहरुलाई निशुल्क प्राविधिक सहायता, अनुदानमा कृषि औजार तथा यान्त्रीकरण वितरण, निशुल्क बीउ विजनको व्यवस्था, पकेट क्षेत्र कार्यक्रम, साना सिँचाई कार्यक्रम, सिचाइको असुविधा भएका किसान समूहलाई अनुदानमा मोटर, पशुपालक किसानहरूलाई च्यापकटर र स्मार्ट वाखापालन लगायतका कार्यक्रमहरु पालिकाले संचालन गरेको थियो ।

२५. राष्ट्रिय निकुञ्जसँगको सिमानामा वन्यजन्तुको आक्रमणबाट जनधनको रक्षा गर्ने हेतु २४ किलोमिटर मेस वायर जडान, ३६ किलोमिटर इलेक्ट्रीक फिन्सिंङ वायर जडान, उच्च हात्ति मचान जस्ता संरचनाहरूको निर्माण गरिएको छ।

२६. नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐनमा व्यवस्था गरिएको अधिकार क्षेत्रका विवादहरूको न्याय निरूपणलाई प्रभावकारी बनाउनको लागी न्यायिक इजालासको निर्माण गरिएको छ, भने मेलमिलाकर्ताहरूलाई सुचिकृत गरी ४८ घण्टे क्षमता विकास तालिम समेत प्रदान गरी सकिएको छ।

२७. खेलकुद क्षेत्रको सम्भावना बोकेको यस गेरूवा गाउँपालिकाका युवाहरूका लागी खेल प्रशिक्षकको व्यवस्था गर्नुका, साथै शिक्षा युवा तथा खेलकुद शाखाबाट विभिन्न खेलकुद प्रतियोगिताहरू गर्दै आइरहेका छौं।

२८. वडा नं. ४ मा गेरूवा खेलग्राम, वडा नं. ५ मा कभर्ड हल, वडा नं. ६ मा खेल मैदान, वडा नं. ३, ४ र ६ मा खेलकुद मञ्चको निर्माण गरिएको र वडा नं. १ र २ का खेल मैदानलाई मर्मत गरी सबै वडामा खेल मैदानको व्यवस्था गर्ने दिसा तर्फ अगाडी बढिरहेका छौं।

२९. नेपाल सरकारले मुलुकभित्र रोजगारीका पर्याप्त अवसरहरू सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागी न्युनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यसहित आर्थिक वर्ष २०७५/०७६ देखि कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रमको यस गाउँपालिकाले प्रभावकारी कार्यान्वयन गर्दै विगत पाँच वर्षमा यस गाउँपालिकाका सूचीकृत बेरोगारी मध्ये करिब ७५३ जना स्थानिय नागरिकलाई कार्यविधि अनुसारको रोजगारी उपलब्ध गराईएको छ।

३०. कृर्षिजन्य सामाग्रीहरु भण्डार तथा विउ प्रशोधनका लागी बीउ प्रसोधन केन्द्र (सिड हाउस) को निर्माण गरिएको छ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरू,**

अब म आगामी आ.व. २०८०/०८१ को लागि प्रस्तावित बिषयगत नीति तथा कार्यक्रमहरूम प्रस्तुत गर्न चाहन्छु।

# सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रम

## क. शिक्षा सम्बन्धि नीति तथा कार्यक्रम

- ❖ नेपालको संविधान, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ बमोजिम यस गेरूवा गाउँपालिकामा आ.ब. २०८०/८१ देखि सामुदायिक विद्यालयमा कक्षा १२ सम्मको शिक्षा निशुल्क प्रदान गरिने ब्यवस्था मिलाइनेछ।
- ❖ सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणा बमोजिम विद्यालय उमेर समुहका सबै बालबालिकाहरूलाई बिद्यालयमा ल्याउने, कक्षा छाड्ने दरमा न्युनिकरण गर्ने र छात्रछात्राहरूको उपस्थितिमा निरन्तरता ल्याउने कार्यक्रमलाईअगाडी बढाइनेछ। साथै बिचैमा पढाइ एवम कक्षा छाडेका बालबालिकाहरूलाइ बिद्यालयमा ल्याउने र अध्ययन अध्यापनमा सहयोग गर्नेकार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ गेरूवा गाउँपालिकाको स्थानीय दरबन्दिमा सामुदायिक विद्यालयको आधारभुत र माध्यमिक तहमा कार्यरत करार शिक्षक (गाउँपालिका अनुदान शिक्षक) लाई निरन्तरता दिइनेछ।
- ❖ सामुदायिक विद्यालयका बालबिकास शिक्षक र बिद्यालय कर्मचारीहरूलाइ नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिकको मापदण्ड बमोजिम यस गाउँपालिकाबाट थप गरिएको पारिश्रमिकलाई निरन्तरता दिइनेछ।
- ❖ शिक्षालाई श्रम र आधुनिक प्रविधिसँग जोड्दै श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न गाउँपालिकाले अवलम्बन गर्दै आएको **पढ्दै कमाउदै** कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ।
- ❖ गेरूवा गाउँपालिकाको नविनतम कार्यक्रमको रूपमा रहेको **'एक मावि एक स्टाफ नर्स'** कार्यक्रमलाइ निरन्तरता दिदै विद्यालय स्टाफ नर्सलाई कार्यक्षेत्रमा सक्रिय बनाइनेछ। विद्यालयमा स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउन सामुदायिक माध्यमिक विद्यालयमा अति आवश्यक पर्ने स्वास्थ्य सामाग्री, औषधि र उपकरणको ब्यवस्था मिलाइनेछ।
- ❖ विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि स्पष्ट कार्ययोजना बनाई प्रभावकारी कार्यन्वयनका लागि विद्यालयमा ICT को कार्यक्रमलाई जोड दिने, बिद्यालय नियमित अनुगमन गर्ने, शिक्षा

सरोकारवालाहरूसँग छलफल अन्तरक्रिया र गोष्ठि सञ्चालन गर्ने,विद्यालयका शिक्षक तथा कर्मचारीहरूको पेशागत विकास सम्बन्धी तालिम र अभिमुखिकरण लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- गाउपालिकास्तरीय आधारभुत तह कक्षा ८ को परीक्षालाइ अझै थप ब्यवस्थित र मर्यादित बनाउदै लगिनेछ। हरेक कक्षाको नियमित परीक्षाफल बिश्लेषण गरी विद्यार्थी मूल्यांकन लाई थप प्रभावकारी बनाइनेछ।
- **'हाम्रो गेरूवा'** नामक कक्षा १-८ को स्थानीय पाठ्यक्रम कार्यन्वयनमा एकरूपता ल्याउन र शिक्षण सिकाइमा सहज बनाउन कम्तिमा १-३ सम्मको लागि स्थानीय बिषयको पाठ्यपुस्तक वा पाठ्यसामाग्री निर्माण र छपाइ गरी कार्यान्वयनमा ल्याउने ब्यवस्था मिलाइनेछ।
- गेरूवामा विद्यमान समस्याको रूपमा रहेको बाल बिवाहलाई न्युनिकरण गर्नका लागि विद्यालयस्तरमा सचेतनामुलक कार्यक्रमहरू अभिभावक शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम र लागुपदार्थ दुर्ब्यसनी न्यूनिकरण जस्ता कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ।
- गेरूवा गाउँपालिकामा सार्वजनिक विद्यालयमा अध्ययनरत अति बिपन्न, दलित, जनजाति, अपाङ्ग, सिमान्तकृत समुदायका बालबालिका र जेहेन्दार बिद्यार्थीलाइ प्राविधिक धार र उच्च शिक्षामा अध्ययन गर्ने बिद्यार्थीहरूलाइ प्रोत्साहन स्वरूप छात्रवृत्ति उपलब्ध गराइनेछ।
- गेरूवा गाउँपालिकामा एक बहुमुखि क्याम्पसको स्थापित गर्न चालिएको पहल कदमिलाई निरन्तरता दिदै सम्बन्धन प्राप्त पश्चात क्याम्पस सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरूको शैक्षिक गतिविधिहरूलाइ एकरूपता र सामाञ्जस्यता कायम गर्ने उद्देश्यले आगामी शैक्षिक सत्रको शैक्षिक क्यालेन्डर प्रकाशनलाई निरन्तरता दिई कार्यान्वयनमा ल्याइनेछ।
- विद्यार्थीहरूको आन्तरिक प्रतिभाको प्रस्फुटन र सृजनात्मक क्षमताको बिकासका लागि गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै विद्यार्थीलाई व्यवहारिक सिपमूलक उद्घोषण तालिम कार्यक्रमको व्यवस्था मिलाइनेछ।
- उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालय र शिक्षकलाई प्रोत्साहन गरिनेछ भने न्यून सिकाइ उपलब्धि भएका विद्यालय र शिक्षकलाई सुधारको लागि आवश्यक कार्य गरिनेछ।
- शिक्षाको गुणस्तर सुधार गर्नको लागी शिक्षा सरोकारवालाहरूलाई उत्प्रेरणा शिक्षा कार्यक्रमलाई जोड दिदै विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन केन्द्रिकृत अनुगमन प्रणालीको व्यवस्था मिलाइनेछ।

## ख. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

- पूर्णखोप सुनिश्चितता उपलब्धिको दिगोपनाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

- पालिकाभित्र सञ्चालनमा रहेका क्लिनिक, औषधि पसल, सामुदायिक स्वास्थ्य केन्द्र, पोलिक्लिनिक लगायतका सबै स्वास्थ्य संस्थाहरूको अनुगमन तथा नियमन गरी पालिकाबाँसीको गुणस्तरीय स्वास्थ्य सेवाको अधिकार सुनिश्चित गरिनेछ।
- विद्यालय तथा समुदाय स्तरमा स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य परीक्षण स्क्रिनिङ लगायतका क्रियाकलापहरू सञ्चालन गरिनेछ।
- सूर्तिजन्य पदार्थ तथा मद्यपानमा न्यूनिकरण गर्न चेतनामूलक कार्यक्रम संचालन गर्ने।
- गुणस्तरीय आधारभूत **स्वास्थ्य सेवामा गाउँवासीको पहुँच** सुनिश्चित गर्न जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रममा विशेष जोड दिइनेछ। स्वास्थ्य सेवालाई जनताको घरदैलोमै पऱ्याउनका लागि खोप क्लिनिक, गाउँघर क्लिनिक लगायतका सामुदायिक सेवालाई निरन्तरता दिदैं यसमा संलग्न जनशक्तिलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।
- नेपाल सरकारको स्वीकृत कार्यविधि अनुसार संघिय सरकारबाट सोधभर्ना हुने गरी मृगौंला प्रत्यारोपण गरेका, डायलाइसिस गराइराखु परेका, क्यान्सर समस्या भएका र मेरुदण्डको पक्षघात भएका दिर्घरोगिहरूलाई उपचार खर्च वापत मासिक रूपमा रू. ५०००/- उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- गुणस्तरिय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच स्थापित गर्न कटिबद्ध हुने, आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गरिने र विशेषज्ञ सेवा स्वास्थ्य विमा द्धारा उपलब्ध गराउने ब्यवस्थामा जोड दिइनेछ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागी भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिद परिवार, द्धन्दपिडित र घाइतेहरुको संविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभूत गरिनेछ सबै लिंग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न, शारीरिक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताको साथ स्वास्थ्य सेवा सुनिश्चत गरिनेछ।
- कुनै पनि नागरिक बञ्चित नहुने गरी स्वास्थ्य संस्थाबाट गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाउन आवश्यक पूर्वाधारहरुको प्रत्याभूति, अनुगमन र सुपरिवेक्षण गर्दै स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित गराइनेछ।
- प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवामा दिई आएको प्राथमिकतालाई कायमै राख्दै स्थानीय तहको पहलमा समुदायमा आधारित स्वास्थ्य प्रणालीको गुणस्तर, पहुँच र प्रभावकारितामा अभिवृद्धि गर्न प्राथमिकता दिइनेछ।
- आयुर्वेदको विकासमा जोड दिने र अन्य परम्परागत, बैकल्पिक चिकित्सा प्रणालीहरु, प्राकृतिक चिकित्सा, होमियोपेथी, आदीको संरक्षण एवं व्यवस्थित विकास गर्दै प्राकृतिक श्रोत र साधन एवं

जडिबुटिहरुको समुचित प्रयोग गरी प्रतिरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनःस्थापनात्मक सेवा सबै नागरिकको सहज पहुँचमा पुऱ्याउने व्यवस्था गरिनेछ।

- स्वास्थ्यका सबै जनशक्तिको ज्ञान र सीपको बृद्धि गर्दै सेवालाई गुणस्तरीय बनाउन र स्वास्थ्य सेवा प्रदायक व्यक्ति तथा संस्थालाई नागरिकको स्वास्थ्यप्रति संवेदनशील र जिम्मेवार बनाउन जोड दिइनेछ। ।
- नसर्ने रोग नियन्त्रणका लागी व्यक्ति र समाजको जीवनशैलीमै परिवर्तन आए पछि मात्र सम्भव हुने भएकोले त्यस सम्बन्धि गर्नुपर्ने क्रियाकलापको विकास गरी नसर्ने रोगहरुको समुदायस्तर देखिनै जनचेतना अभिबृद्धि गरी उपचारका लागि अस्पतालमा प्रेषण सम्मको पहुँचमा सुनिश्चित गर्ने तथा आयूर्वेद र अन्य उपचार पद्धतिलाई पनि नसर्ने रोगहरुको रोकथाम, उपचार र नियन्त्रणको लागी एकिकृत गरिनेछ ।
- मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्या प्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न बिषेश तरिकाले संबोधन गरिनेछ। .
- आमा, नवजात शिशु, बालबालिका र किशोरीहरुको स्वास्थ्य सम्बन्धिका महत्वपूर्ण क्रियाकलाप तथा कार्यक्रममा जोड दिइनेछ।
- स्वास्थ्य सम्वन्धी सन्देश एवं सूचना सुलभ रुपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न तथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुनिश्चित गर्ने, स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वसनीयतामा बृद्धि गरी त्यसको आधारमा नीति तथा योजना बनाइनेछ।
- स्वास्थ्यकर्मी र सेवाग्राही बिच पेशागत सुमधुर सम्बन्धको सुनिश्चितताका लागि सम्बन्धित निकायहरुसंग समन्वय गरी स्वास्थ्यकर्मीहरुको सुरक्षाको प्रत्याभुति गर्नुको साथै आम जनसमुदायको स्वास्थ्य सुरक्षा र सेवाग्राहीहरु प्रति स्वास्थ्यकर्मीहरुले निर्वाह गर्नु पर्ने पेशागत आचार संहिताको पालनालाई सुनिश्चित गराइनेछ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्यका समस्याहरुलाई व्यवस्थापनको शुरुआत गरी अस्पतालसम्म प्रेषणको पहुचमा सुनिश्चिता गरिनेछ।
- स्वास्थ्य क्षेत्रको समग्र विकासका लागी संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सार्वजनिक, गैरसरकारी र निजि क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ।
- पाताभार स्वास्थ्य चौकीमा रहेको प्रयोगशालामा थप परिक्षण सामाग्रीको व्यवस्था गरिनेछ ।
- पालिकाबासीको गुणस्तरिय स्वास्थ्य सेवालाई सहज र पहुँचयोग्य बनाउन यस गाउँपालिकाको गौरवमय योजनाको रुपमा निर्माणाधिन रहेको १० शैया अस्पतालको कार्यसम्पादन समयमै सम्पन्न गर्न बजेट प्राप्तिका लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पहल कदमी चालिने छ।
- सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत पोषण खर्चलाई निरन्तरता दिइनेछ।

- स्वाथ्यकर्मी मार्फत विद्यालय स्वास्थ्य कार्यक्रममा जोड दिइनेछ।

## ग. युवा तथा खेलकुद विकास सम्बन्धी नीति तथा कार्यक्रम

- समृद्धिका लागि युवा, युवाका लागि सीप भन्ने अभियानलाई सबैको समन्वयमा अगाडि बढाइनेछ।
- एक घर एक सीपमूलक युवा कार्यक्रम मार्फत युवाहरूलाई उत्पादन र समाजको आर्थिक रूपान्तरणको संवाहकका रूपमा केन्द्रित गरिनेछ।
- गाउँपालिका भित्रका प्रतिभावान युवाहरू छनोट गरी उनीहरूलाई थप अगाडि बढ्न आवश्यक सहयोग गरिनेछ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप, ज्ञान र स्रोतलाई उत्पादनशील क्षेत्रमा उपयोग गरिनेछ।
- युवामा स्वयंसेवी भावना प्रवर्द्धन तथा सामाजिक जिम्मेवारी बोध गराउन शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण लगायतका क्षेत्रमा युवालाई स्वयंसेवाका अवसर प्रदान गरिनेछ। विपद् व्यवस्थापन तथा सामाजिक सुधारका क्रियाकलापमा युवाको संलग्नता बढाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फूटनको लागि खेलमैत्री वातावरण निर्माणमा जोड दिई स्वस्थ र अनुशासित नागरीक तयारीमा जोड दिइनेछ। खेलकुद क्षेत्रको विकासका लागि खेलकुद एकेडेमी स्थापनाका लागि आवश्यक अध्ययन अगाडि बढाइनेछ।
- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड तथा अध्यक्षकप खेलकुद लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ। साथै गेरूवामा खेलकुद क्षेत्रको बिकास, बिस्तार र प्रवर्द्धन गर्नमा सहयोग पुर्याउनुको साथै गाउँपालिकालाई खेलकुदको हबको रूपमा विकास गरिनेछ।

## घ. लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

- यस गाउँपालिका भित्र स्थायी रूपमा बसोबास गर्ने नागरिकहरूबाट जन्मिएका बढीमा २ सन्तानसम्मका छोरीहरूलाई रू.५०००/- का दरले प्रोत्साहन रकम उपलब्ध गराउने **"छोरी बचाउ कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाबाट बजेट विनियोजिन भई सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक मैत्रि बनाउन विशेष जोड दिइनेछ।
- निर्माण सम्पन्न भएका सार्वजनिक भवनहरूमा क्रमिक रूपमा स्तनपान कक्षको निर्माण गर्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिकालाई लैङ्गिक हिंसामुक्त, छुवाछुत मुक्त, भेदभावमुक्त र सबैखाले अन्धविश्वासमुक्त बनाउन सबैको समन्वयमा सघन अभियान सञ्चालन गरिनेछ।

- ❖ उपाध्यक्षसँग **"समन्यायिक विकास कार्यक्रम"** का माध्यमबाट समुदाय तहमा कानुनी सचेतनामा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- ❖ महिला तथा बालबालिका र विशेष संरक्षणको आवश्यकता भएका उपर हुने सबै प्रकारका हिंसा विरूद्ध शुन्य सहनशीलताको नीति लिइनेछ। लैङ्गिक हिंसाको शिघ्र संवोधनमा लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ। सोको लागि सरकारी एवं गैरसरकारी, सामाजिक संघसंस्थाहरूसँग सहकार्य र समन्वयमा जोड दिइनेछ।
- ❖ सम्पूर्ण शासकीय साझेदारहरूसँग समन्वय एवं सहकार्यमा बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा र शोषणको अन्त्य गर्न विशेष अभियान संचालन गरी बालमैत्री शासन पद्धति अनुरूप बालमैत्री वडा घोषणा गर्ने तर्फ जोड दिइनेछ।
- ❖ वालविवाह न्यूनिकरण सम्बन्धी भएका व्यवस्थाहरूको कडाईका साथ पालना गर्दै बालश्रम शोषणमा परेका वा पारिएका बालबालिकाहरू लाई उद्दार, पूर्नस्थापना गर्न बालश्रम प्रयोग गर्ने पालिका अन्तर्गतका ब्यवसाय, फर्म, होटल तथा अन्य स्थानको बस्तु तथा सेवा पालिकाद्वारा उपभोग नगर्ने नीति लिइनेछ। साथै अन्य हिंसाका घटनाहरूको गोप्य संयन्त्र विकास गरी उजुरी लिने र सो सम्बन्धि कारवाही गर्न नेपाल प्रहरीको सहकार्यमा कार्य अगाडी बढाइने छ।
- ❖ परिवार, समुदाय तथा विद्यालय तहमा किशोरमैत्री अनुकूल वातावरण बनाउन विभिन्न सचेतनामूलक अभियानमा जोड दिईनेछ।
- ❖ समाजमा परम्परागत रूपमा रहेका विभिन्न किसिमका कुप्रथा लगायत बालविवाह, बालश्रम जस्ता प्रथाको न्यनिकरण गर्नका लागि किशोरकिशोरीहरू तथा बालबालिकाहरूमा स्वाबलम्बि तथा नेतृत्वदायि भुमिका विकास गर्ने खालका तालिम एवं जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ विभिन्न किसिमका लैंङ्गिक हिंसा, घरेलु हिंसा, बहुविवाह जस्ता सामाजिक समस्याहरू न्यूनिकरण गर्ने र कानुनका संरचना तथा समयन्त्रहरू लैंङ्गिक समानताको दृष्टिले भेदभावमुक्त बनाउनुका साथै **"लैंङ्गिक समानता तथा समाजिक समावेशिकरण"** मा जोड दिने खालका कार्यक्रमहरू गाउँकार्यपालिकाबाट संचालन गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ विभिन्न किसिमका हिंसाको जोखिममा परेका लागु ,औषधिक दुर्वेशनमा परेका एवं दिर्घकालिन रोगबाट ग्रसित भएका नागरिकहरूलाई समुदायमा स्थापित हुने खालका मनोपरामर्श र सचेतनामूलक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ HIV/AIDS बाट संक्रमित आमा वुवाका बालबालिका तथा आमा वुवा विहिन बालबालिकाहरू लाई शैक्षिक सामाग्री उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।
- ❖ अपाङ्गता भएका नागरिकहरूलाइ सहायक सामाग्री वितरण र ८० वर्ष भन्दा माथीका ज्येष्ठ नागरिकहरूलाइ सम्मान कार्यक्रम निरन्तरता दिइनेछ।

- महिला विकास कार्यक्रम मार्फत गठन भएका महिला सहकारीहरूको उत्थान हुने खालका कार्यक्रमहरू गाउँपालिकाबाट संचालन गर्दै लगिने व्यवस्था मिलाइनेछ ।
- राजनितीक, आर्थिक एवं सार्वजनिक निकायका सवै तहहरूमा नेतृत्वदायी भुमिका ल्याउनको लागि महिलालाई समतामूलक रूपमा समान अवसर प्रदान गर्ने किसिमका कार्यक्रम संचालन हुने व्यवस्था मिलाइनेछ।
- महिला, दलित, अपाङ्गता भएका नागरिक, अल्पसंख्यक, मुक्तकमलरी तथा पिछडिएको वर्ग र सिमान्तकृत समुदायलाई राज्यको मूलधारमा ल्याउन लैंङ्गिक समानतालाई बिशेष प्राथमिकता दिदैं शिक्षक सेवा तथा लोकसेवा कक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

## ङ. खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा कार्यक्रम

- गेरूवा गाउँपालिका अन्तरगर्तका सामुदायिक विद्यालयहरूमा सुरक्षित खानेपानीको प्रवन्ध गर्नका लागी **WASH** योजना बनाई खानेपानी तथा सरसफाई गतिविधिहरू सञ्चालन गरिने छ। भने कुनै एक सामुदायिक विद्यालयलाई नेपाल सरकारको नीति अनुसार **"Three Star"** बनाई क्रमश अन्य विद्यालयमा पनि उक्त योजना लागु गरिनेछ।
- यस पालिकामा रहेका विभिन्न खानेपानीका स्रोतहरूको पानीको गुणस्तर जाच गर्न राष्ट्रिय गुणस्तर मापदण्ड अनुसार न्यूनतम पारामिटरको जाच गर्ने व्यवस्था मिलाईनेछ।
- खानेपानि तथा सरसफाईसँग सम्बन्धित यस पालिकामा कार्यरत विभिन्न गैर सरकारी संघ संस्थाहरूलाई पालिकासँग सहकार्य गरी गतिविधिहरू संचालन गर्ने व्यवस्था मिलाइने छ। सो गतिविधहरू आवश्यकता अनुसार म्याचिङ फण्ड को व्यवस्था गरिने छ।
- खानेपानी तथा सरसफाईसँग सम्बन्धित विभिन्न दिवसहरू मनाउन समुदाय तथा विद्यालयहरूमा सहजिकरण गरिने छ।

# आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।
- उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ। यसका लागि यस पालिकामा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गरिनेछ ।
- नव प्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न, स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा

वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिने कार्यक्रम संचालन गरिनेछ।

## क. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

- कृषि क्षेत्रको आधुनिकीकरण र वैज्ञानिकीकरणका लागि कृषिमा यान्त्रिकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सेवाग्राहीहरूको सुविधाको लागी यस गाउँकार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयमा कृषक सहायता कक्षको स्थापना गर्ने कार्यको थालनी गरिनेछ।
- स्थानीय कृषि उपजहरूको बजारीकरणका लागी पूर्वाधारमा आवश्यक लगानी गरिनेछ। स्थानीय हाटबजारको स्तरन्नोती गरिनुका साथै थप हाटबजार स्थापनाको लागी प्रोत्साहन गरिनेछ।
- कृषि क्षेत्रको उत्पादनमा वृद्धि गर्न धान, मकै, गहुँ बालीको विउ तथा पावर टिलर र साना कृषि यन्त्र उपकरणहरू ५० प्रतिशत अनुदानमा र हरियो मललाई बढावा दिन शत प्रतिशत अनुदानमा ढैचाको बिउ वितरण गरिनेछ।
- माटोको खाद्यत्व व्यवस्थापन गर्न माटो परिक्षण कार्यक्रम, बालीको उत्पादकत्व पहिचान गर्न बाली कटानी कार्यक्रम, कृषकको क्षमता अभिवृद्धि तालिम, कृषि मेला प्रर्दशनी कार्यक्रम, किसान सुचिकरण गरी कृषक परिचयपत्र वितरण कार्यक्रम संचालन गरिनेछ।
- मानव तथा जङ्गली जनावर बिचको द्वण्द्व कम गर्न शत प्रतिशत अनुदानमा कन्ये च्याउ बीउ वितरण कार्यक्रम संचालन गरिनेछ।
- धान बालीको उत्पादन बढाउन तथा कृषकलाई जागरुक बनाउन राष्ट्रिय धान दिवस कार्यक्रम संचालन गरिनेछ।
- रैथाने बालीको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागी विशेष प्रबन्ध मिलाइनेछ।
- उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरूको पकेट क्षेत्रहरू पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरूमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
- कोल्ड स्टोर निर्माणका लागी आवश्यक समन्वय गरी थप प्रक्रिया अगाडी बढाइनेछ।
- बिउ प्रशोधन केन्द्र सञ्चालन गर्न थप प्रक्रिया अगाडी बढाइनेछ।
- गेरूवा गाउँपालिका बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पर्ने र जङ्गली जनावरले बालीनालीमा क्षति पुऱ्याउने तथा वन्यजन्तु एवं कृषकहरूको दन्द्ध न्यूनिकरण गर्न जङ्गली जनावरले क्षति नपुग्ने खालका कृषि उत्पादनलाई जोड दिइनेछ।
- कृषकले पालन गरेका पशुपन्छिहरूको रोग निरोधात्मक, प्रतिरोधात्मक र उपचारात्मक सेवाहरू, महामारीजन्य रोगहरूको प्रभावकारी नियन्त्रणका कार्यहरू गरिनेछ।

- प्रत्येक वडामा रहेका पशु सेवा केन्द्रबाट निःशुल्क रूपमा औषधी वितरण गर्ने, पशु खोप अभियान सञ्चालन गरी भ्यागुते, खोरेत, रेबिज लगायतका खोपहरू लगाउने, परजिवि सेवा सञ्चालन गर्ने, ५० प्रतिशत अनुदानमा हिउदे तथा बर्षे घाँस वितरण गर्ने, पशु पालक कृषकलाई पशुपालन तालिम सञ्चालन गर्ने जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- नश्ल सुधारका लागी कृत्रिम गर्भाधान कार्यक्रमको नियमित कार्यान्वयन गरिनेछ।
- व्यावसायिक कृषकहरुलाई प्रोत्साहनको रुपमा विद्युतिय च्यापकटर मेसिन तथा दाना पिस्ने मेसिन ५०% अनुदानमा वितरण गरिनेछ।
- पशु प्राविधिकहरुलाई काममा सहजता तथा सरलताको लागी प्रयोगशाला उपकरण तथा भेटेरिनरी उपकरणको व्यवस्था गरिनेछ।
- पशुचौपायाहरुलाई औषधी उपचार तथा खोप सेवा संचालनमा सहजताको लागी प्रत्येक वडामा १/१ वटा ट्र्याभिज निर्माण गरिनेछ।
- आन्तरिक परजिवी उपचारको लागी प्रत्येक वडाका पशुसेवा केन्द्रमा डिपिङ्ग ट्यांकको निर्माण गरिनेछ।
- व्यावसायिक कृषकहरुलाई पशुपालन क्षेत्रमा थप सिकाईको लागी अन्तरजिल्ला कृषक भ्रमणको व्यवस्था गरिनेछ।
- यस पालिकाको पशुहरुमा नश्ल सुधार गरी दुध उत्पादनमा बृद्धिको लागी यसै पालिकाको १०जना पशु प्राविधिकलाई कृत्रिम गर्भाधान सम्बन्धी तालिम संचालन गरिनेछ।
- माछापालक कृषकहरुलाई प्रोत्साहानको लागी ५०% अनुदानमा माछाको भुरा वितरण गरिनेछ।
- अण्डा उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउनका लागी मागमा आधारित ५० प्रतिशत अनुदानमा (८ हप्ते) न्यू हेम्पसायर तथा बल्याक अस्ट्रोलप कुखुराको चल्ला वितरण गरिनेछ।

## ख. पर्यटन प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रमहरू

- पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यक्रम कार्यान्वयन गरिनेछ।
- पालिकाको पर्यटन प्रवर्द्धन गर्न सहिद स्मृर्ति पार्क निर्माण कार्यलाई सहजिकरण गर्न बर्दिया राष्ट्रिय निकुञ्ज, बन तथा वातारण मन्त्रालय र नागरिक उड्यन तथा पर्यटन मन्त्रालयसँग समन्वय गरिनेछ।
- बर्दिया राष्ट्रिय निकुञ्जसँगको सहकार्यमा पश्चिमद्धार खुल्ला तथा गेट निर्माण गरी यस पालिकाको मुल नारा पर्यटन पर्वद्धनलाई जोड दिदैं आर्थिक अवस्थामा सुधार ल्याउन होमस्टे, ऱ्याप्टिङ तथा पार्कहरू निर्माण गर्दै लगिनेछ।

- **"रिफ्रेसमेन्टका लागी गेरूवा जाउँ हरावरा र शान्त ग्रामिण क्षेत्रमा रमाऔ"** भन्ने नाराका साथ पर्यटनको आगमनलाई बृद्धि गर्ने नीति लिईनेछ।
- संघ एवं प्रदेश सरकारसँगको साझेदारीमा कर्णाली तथा गेरूवा नदी किनारमा सि मोडेल सहित मनोरञ्जन पार्क निर्माण गर्न पहल गरिनेछ।
- विभिन्न जातजातिहरूको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
- विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई स्थानीय अर्गानिक खाद्य तथा उत्पादनको उपभोग सहितको होमस्टेमा रहने ब्यवस्थाको विकासमा जोड दिइनेछ। होमस्टे व्यवसाय संचालनको लागी प्रशिक्षण गर्दै गइनेछ।
- थारू जातिको बाहुल्यता रहेको यस गेरूवा गाउँपालिकामा थारू जातिको कला, सस्कृति र मौलिकताको संरक्षण तथा सम्बर्द्धन गर्न थारू सास्कृतिक संग्रालय निर्माणका लागी सम्बद्ध निकायहरूसँग आवश्यक पहल कदमि अगाडी बढाइनेछ।

## न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न र मेलमिलापबाट विवाद समाधान गर्ने पद्वतीलाई स्थानीय स्तरबाटै प्रत्यक्ष न्यायको अनुभूत गराउने गरी सम्बद्ध सरोकारवाला पक्षलाई प्रशिक्षित गर्दै वडा स्तरीय मेलमिलाप समितिलाई सक्रिय बनाएर आम न्याय प्रेमी जनसमुदायलाई स्थानीय अदालतबाट दिईने सेवामा सहज र फराकिलो पहुँच पुऱ्याउने तर्फ अगाडि बढ्ने नीति लिइनेछ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

## सुशासन प्रवर्द्धन र सार्वजनिक ब्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

- **"अबको गेरूवा डिजिटल र स्मार्ट गेरूवा"** भन्ने अभियान सञ्चालन गरी प्रविधि र क्षमता विकास मार्फत कर्मचारीको उत्पादकत्वमा अभिबृद्धि गरिनेछ।
- संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी प्राप्त प्रतिवेदन अनुरूप गेरूवा गाउँपालकाको संगठन संचरना पुनरावलोकन तथा परिमार्जन गर्दै थप ब्यवस्थित गर्न कार्य विवरण अनुरूपको कार्य सम्पादन मुल्यांकन गरी कार्यसम्पादन प्रभावकारी भएमा मात्र करार म्याद थप गर्ने कार्यलाई निरन्तरता गरिनेछ।
- गाउँपालिकामा हाल प्रयोगमा आइसकेका राजस्व प्रणाली, अनलाइन पेमेन्ट, अनलाइन घटनादर्ता, अनलाइन खरिद प्रणाली, PAMS, स्वास्थ्य सफ्टवेर, योजना सफ्टवेर लगायतका प्रविधिको अझै विकास गरी सेवा प्रवाहलाई शिघ्र, सहज, पारदर्शी र गुस्तरीय बनाइनेछ।

- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
- कार्यालयमा विभिन्न माध्यमबाट प्राप्त हुने अधिकांश गुनासो तथा उजुरीहरूलाई अझै प्रभावकारी ढंगले सम्बोधन गर्न नियमित रूपमा सार्वजनिक सुनुवाई गर्ने तथा उक्त सुनुवाईमा उठेका गुनासोहरूको शिघ्र कार्यान्वयनका लागि द्रुत कार्यटोली परिचालन गरिनेछ।
- कर्मचारीमा रहेको ज्ञान, सीप, योग्यता र दक्षताको व्यवस्थापन गर्दै कर्मचारीहरूसँग कार्यसम्पादन करार गरी नतीजाका आधारमा **सकारात्मक र नकारात्मक** उत्प्रेरणा दिइनेछ। साथै यस कार्यपालिका तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूमध्ये उत्कृष्ट कर्मचारीहरूलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।
- गाउँकार्यपालिका तथा मातहतका सबै कार्यालयमा सुचना अधिकारीको व्यवस्था गरिनेछ।
- अभिकुखिकरण, तालिम, अध्ययन, भ्रमण आदिबाट कर्मचारीको ज्ञान, सीप र क्षमताको बढोत्तरी गर्दै अन्य पालिकाको समेत सफल अभ्यास र अनुभवको आदानप्रदानबाट सिक्ने सिकाउने परिपाटीको विकास गरिनेछ।
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्य सम्पन्न गरी हिउदे सभाबाट स्वीकृत गरिएको छ भने आगामी आ.व. देखि प्रभावकारी रूपमा कार्यान्वयन गर्दै प्रविधिमैत्री कर्मचारी संरचनाको निर्माण गरिनेछ।
- सेवा प्रवाहलाई उत्तरदायी, पारदर्शी र जनमुखी बनाउन नागरीक समाज, भ्रष्टाचार नियन्त्रण र सुशासन सम्बद्ध संस्थाहरू लगायत बहुसरोकारवालाहरूको सहकार्य र समन्वयमा अभिवृद्धि गराइनेछ। साथै सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी पृष्ठपोषण लिने पद्धति अवलम्बन गर्दै प्रविधिमैत्री बनाउन आवश्यक पहल गरिनेछ।
- आर्थिक प्रशासनका क्रियाकलापहरूलाई नतिजासँग आवद्ध गरी प्रभावकारी रूपमा आर्थिक अनुशासन कायम गरिनेछ।
- कार्यालयको आन्तरिक कार्य वातावरणलाई व्यवस्थित गर्न आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइनेछ।
- स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आर्थिक सुरक्षाका लागि कर्मचारीको पनि योगदान रहने गरी कर्मचारी कल्याण कोषको स्थापना गरिनेछ।
- जिन्सी श्रेस्ता प्रणाली र यसको उपयोगबारे सम्बन्धित शाखा तथा वडा कार्यालयहरूको क्षमता विकास गरिनेछ।
- सार्वजनिक खरिदलाई व्यवस्थापन गर्न वार्षिक खरिद योजना तयार गरी लागु गरिनेछ।

- विद्यमान ऐन, कानुन, नीति, नियम र कार्यक्षेत्रको बारेमा सुसुचित गर्न पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकासको लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- गेरूवा बासीका लागी अहोरात्र खटिएका पदाधिकारी तथा कर्मचारीहरूको सामुहिक दुर्घटना विमा गरी उच्च मनोबलका साथ कार्य सम्पादन गर्ने वातावरण सिर्जना गरिनेछ।
- गेरूवा गाउँपालिकामा सुचना प्रविधिको प्रयोग गरी विभिन्न वडा तथा स्वास्थ्य सस्थाहरूको तथ्यांकलाई एकिकृत गर्ने **डेटा सेन्टरको** स्थापना गरिनेछ।

## समाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी नीति तथा कार्यक्रम

- यस गाउँपालिकाको १-५ नं. वडा कार्यालयको वि.स. २०५९ देखि २०७३ सम्मका पुराना व्यक्तिगत घटनादर्तालाई डिजिटाईजेसन गरिसकिएको छ भने बाँकी रहेको वडा नं. ६ का पुराना व्यक्तिगत घटनादर्तालाई समेत डिजिटाईजेसन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित एवं सरल बनाउन आ.व. २०८०/०८१ को भाद्र मसान्त भित्र नविकरण तथा अद्यावधिको कार्य सम्पन्न गर्ने गरी वडास्तरबाट शिविर सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्तामा लाभग्राहीको दोहोरोपना हुन सक्ने अवस्थालाई निमिट्यान्न पार्न वडा स्तरबाट शिविर सञ्चालन गरी नविकरण तथा अद्यावधि पश्चात पालिकास्तरबाट सबै वडाको विवरण रूजु गर्न समिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

## वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

- यस गेरूवा गाउँपालिकालाई विपद उत्थानशील र विपद सुरक्षित क्षेत्रका रूपमा विकास गरिनेछ।
- संघिय सरकारको समन्वयमा गेरूवा र कर्णाली नदीको कटान र डुवानलाई नियन्त्रण गर्न तटबन्धन निर्माण कार्य द्रुत गतिमा अगाडि बढाउन पहल गरिनेछ।
- यस गेरूवा गाउँपालिबाट सञ्चालन हुने योजनाहरूलाई विपद उत्थानशील विकासको अवधारणा अनुसार कार्यान्वयन गरिनेछ।
- पालिकामा स्थापित आपतकालीन कार्य सञ्चालन केन्द्रको संस्थागत क्षमता बढाई अझै सवल बनाइनेछ। सबै वडा कार्यालयहरूमा विपद व्यवस्थापनका आधारभूत सामग्री भण्डारको व्यवस्था मिलाइनेछ।
- वडा समुदाय तथा विद्यालयस्तरमा विपत पूर्वतयारी, सुरक्षा, प्रतिकार्य र चेतनामूलक कार्यको विस्तार गरिनेछ।
- वडा स्तरमा गठित विपद व्यवस्थापन समिति तथा स्वयम सेवकहरूको परिचालनलाई प्रभावकारी गराइनेछ।

- जंगली जनावरबाट मानव र खेतीपाती संरक्षणको लागी मेस वायर जडान कार्यलाई अझै तिव्रता दिई चाडै नै सम्पन्न गरिनेछ।
- स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रलाई २४ सै घण्टा सञ्चालन हुने ब्यवस्था मिलाइनेछ।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्रको फोहोर मैलाको ब्यवस्थापन गर्न ल्याण्ड फिल्ड साइट तोकी फोहोरमैला व्यवस्थापन गरिनेछ।
- एकिकृत भू परिधी व्यवस्थापन गर्न दातृ निकायहरू संग सहकार्य गरी मध्यवर्ति सामुदायिक वन विकास कर्यक्रम, मानव बन्यजन्तु द्वन्द न्यूनिकरण कार्यक्रम र जिविकोपार्जन सुधार कार्यक्रम संचालन गरिनेछ ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

- यस गाउँपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमलाई पारदर्शी, जनसहभागितामूलक र प्रभावकारी बनाइनेछ।
- पूर्वाधार निर्माणका आयोजनाहरू संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिलफल दिने, समातामुलक विकासको आधारको रूपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूलप्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरूको पहिचान गरी **"आयोजना बैंक"** तयार गरिनेछ। सो बैंकमा समाविष्ट आयोजनाहरूलाई विशेष प्राथमिकता दिई बजेट विनियोजन गर्ने नीति लिइनेछ।
- गेरूवा गाउँपालिकालाई समृद्ध, स्वच्छ, सफा, हरियाली र शान्त गाउँपालिकाका रूपमा विकास गर्न गेरूवा गाउँपालिकाको एकिकृत शहरी विकास गुरूयोजना तयार गरी ब्यवस्थित, सन्तुलित र दिगो शहरी पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिकाबाट हाल सञ्चालनमा रहेका क्रमागत एवं बहुवर्षिय योजना तथा कार्यक्रमहरूलाई निरन्तरता दिदैं समयावधि भित्रै सम्पन्न गरिनेछ।
- निर्मित पूर्वाधारहरूको मर्मत सम्भार, ग्रावेल, खाल्टाखुल्टी जस्ता स-साना मर्मत कार्यहरू तत्काल कार्यान्वयन गर्न प्राविधिक टिम बनाई परिचालन गरिनेछ।
- गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
- गाउँपालिका भित्रमा ९ मिटरभन्दा बढी सडक अधिकार क्षेत्र भएका सडक कालोपत्रे गर्दा आधुनिक प्रविधि अवलम्वन गरी निर्माण गर्ने नीति बनाइने छ।

- गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनालाई विश्वव्यापी मापदण्ड अनुरूपको बनाउन अपांगमैत्री र वातावरणमैत्री भौतिक संरचना निर्माण गर्ने कार्यलाई अविलम्ब लागु गरिनेछ।
- यस गाउँपालिका अत्यावश्यक स्थानहरूमा सार्वजनिक शौचालयहरु निमार्ण गर्दै लगिनेछ।
- संघीय सरकार, प्रदेश सरकार, बर्दिया राष्ट्रिय निकुञ्ज लगायतका अन्य दातृ निकायहरूसँगको समन्वय र सहकार्यमा वन्यजन्तुबाट हुने जनधनको क्षतिलाई नियन्त्रण गर्न मेसवायर निर्माण र इलेक्ट्रोनि फेन्सिङ वायर जडान कार्यलाई निरन्तरता दिदै क्षति भएका स्थानहरूमा मर्मत सम्भार गरी थप सुरक्षित र भरपर्दो बनाइने छ।
- समयसिमा निर्धारण गरि सम्झौता प्रक्रियामा गएका योजनाहरूको कार्यान्वयनमा हुने ढिला सुस्तीलाई निराकरण गर्न कानुन बमोजिम कारबाहीको दायरामा ल्याइनेछ।
- आर्थिक बर्षको धैरे समयमा न्युन मात्रामा काम हुने र अन्तिम असार महिनामा अत्यधिक चापमा काम गर्ने अवस्था तथा प्रवृतिलाई निरूत्साहित गर्न भौतिक निर्माणका कार्यहरू जेठ मसान्त सम्ममा सम्पन्न गर्ने र उपभोक्ता समितिद्वारा हुने निर्माण कार्यलाई चैत मसान्त भित्रै सम्पन्न गरी सक्नुपर्ने नीति लिइनेछ।
- उपभोक्ता समितिबाट गरिने कार्यहरूलाई थप व्यवस्थित गरी तोकिएको समावधि भित्र नै सम्पन्न गर्न उपभोक्ता सतितिको गठन, सञ्चालन र ब्यवस्थापन सम्बन्धि निर्देशनलाई कडाईका साथ लागु गरिनेछ। साथै उपभोक्ता समितिका पदाधकारीहरूलाई आवश्यक ज्ञान सिप प्रदान गर्न अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ।
- **जन संरक्षणका लागी वन क्षेत्रमा न्यून प्रवेश अभियान** सञ्चालन गरी गाउँपालिका, गैर सरकारी संस्था र निजि क्षेत्रको संयुक्त लगानीमा बायोग्यास प्रणाली निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- नेपाल सरकारबाट जारी भएको बस्ति विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण (दोस्रो संशोधन) मापदण्ड लागु गरिनेछ।
- सडकमा अनुचित ढंगबाट राखिएका निर्माण-सामाग्रीका कारण आवागमनमा अवरोध गर्ने, दुर्घटना हुने तथा निर्माण भएका सडक विग्रने भएको हुँदा त्यस्ता व्यक्ति तथा निर्माण व्यवसायिलाई कारबाहीको दायरामा ल्याइनेछ। सोको लागि जरिवाना र मर्मत खर्च एकिन गर्न समिति गठन गरी परिचालन गरिनेछ।
- जथाभावी जमिन खण्डिकरण गर्ने कार्यलाई निरूत्साहित गरिनेछ। अव्यवस्थित बसोवास कार्यलाई नियन्त्रण गर्न भू-उपयोग नीति तथा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिका भित्रका भवन निर्माणमा संलग्न निर्माणकर्मी, प्राविधिक र घरधनीहरूलाई समयानुकुल भुकम्प प्रतिरोधी भवन निर्माण र सोसँग सम्बन्धित अन्य कार्यहरूको बारे प्राविधिक तालिम प्रदान गरी निर्माण कार्यमा दिगोपना ल्याउने नीति लिइनेछ।

- भवन निर्माण गर्दा कम्पाउण्डवाल निर्माण गर्ने हो भने कम्पाउण्ड वालको समेत नक्सापास गर्ने नीतिलाई अंगिकार गरिनेछ। सडक तर्फ आफ्नो सडक अधिकार क्षेत्र र आफ्नो जग्गाको सिमानासम्म मात्र कम्पाउण्डवाल लगाउन पाइने व्यवस्था मिलाइने छ।
- **"जग्गा प्रशासनमा सुशासन"** भन्ने नाराका साथ यस गेरुवा गाँउपालिकाले जग्गा प्रशासन सम्बन्धी कामलाई सूचना प्रविधिमा आधारित बनाइनेछ ।
- भूमिहिन दलित, सुकुम्बासी एवं अव्यवस्थित बसोबासीहरुको पहिचान, लगत संकलन, सत्यापन तथा नापनक्सा कार्य सम्पन्न गरिनेछ ।
- संघ तथा प्रदेशबाट संचालित हुने योजना तथा कार्यक्रमको कार्यान्वयनलाई गुणस्तरिय बनाई दिगो बनाउन स्थानीय सरकारसँगको समन्वयलाई अनिवार्य गरिनेछ ।

## उद्योग, ब्यवसाय तथा राजश्व प्रशासन सम्बन्धी नीति तथा कार्यक्रम

- उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।
- लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा ब्यवसाय विकासको नीति लिइनेछ।
- **"कर तिरौं आफ्नै लागि"** भन्ने अभियान सञ्चालन गरी कर प्रशासनलाई सरल, पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाई अधिकतम कर संकलन हुने वातावरण सिर्जना गरिनेछ।
- करको दर निर्धारण पद्धती तथा असुलीमा नीतिगत स्पष्टता सिर्जना गरिनेछ।
- करदाताको तथ्याङ्क संकलन गरी अभिलेख अद्यावधिक गरिनुको साथै करदाता दर्ता तथा अभिलेख प्रणालीलाई समयानुकुल तथा प्रविधिमैत्री बनाई कर संकलन गरिनेछ।
- घरजग्गा नक्सा पास र घरजग्गा नक्सा अभिलेखिकरणको दर एकै भएकोले घरजग्गा नक्सा अभिलेखिकरणको दरमा वृद्धि गरिनेछ भने हालसम्म निर्माण भैसकेका घरजग्गालाई अभिलेखिकरणको दायरामा ल्याउनको लागी २०८० पुष मसान्तसम्मको समयावधि दिई पुरानै दरमा अभिलेखिकरण गर्न सकिने व्यवस्था मिलाइनेछ।
- नक्सापास सम्बन्धि कागजातहरूको डिजिटाईजेसन गर्ने कार्यलाई अवलम्बनमा ल्याइने छ
- नक्सापास गरेर मात्र सेवाग्राहीलाई विद्युत, खानेपानीको सिफारिस दिने व्यवस्थालाई कडाईका साथ पालन गरिनेछ। नक्सापास नगरिकन मापदण्ड विपरित भएका निर्माणसँग सम्बन्धित सेवाग्राहीलाई यस गाउँपालिकाबाट कुनै पनि प्रकारका सेवा सुविधा प्रदान नगर्ने नीति लिइनेछ।
- सम्पूर्ण करदाताको विवरण डिजिटल प्रणालीमा आवद्ध गरी व्यवसाय कर, सम्पत्ति कर लगायतका करहरू अनलाइन भुक्तानी प्रणाली मार्फत असुल गर्ने, वडा तथा पालिकाको राजस्व संकलन मार्फत भएको दैनिक आम्दानीलाई कार्यालय नजिकै रहेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको गेरूवा शाखामा दैनिक राजस्व जम्मा गर्न सहजिकरण गरिनेछ।

- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
- यस गेरूवा गाउँपालिकाको अधिकार क्षेत्रभित्र नयाँ स्थापना हुने र सञ्चालनमा रहेका उद्योग ब्यवसायीलाई सरल, सहज र छिटो दर्ता तथा नविकरण गर्ने ब्यवस्था मिलाइने छ। साथै करको दायरामा नआएका उद्योग तथा ब्यवसायहरूलाई निश्चित समयावधि तोकी दर्ता एवं नविकरण गर्न सुचना सम्प्रेषण गरिनेछ र सोको अनुगमन गरी उक्त समयावधि भित्र समेत दर्ता/नविकरण नगरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गर्ने प्रकृया अगाडी बढाइनेछ।
- आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, राजस्व चुहावटलाई न्यूनीकरण र करको दायरा विस्तार गर्न आवश्यक नीति तय गरिनेछ।
- राजस्व असूली कार्यलाई समयानुकुल एवं प्रविधिमैत्री बनाई राजस्व संकलन गर्न राजस्व संकलनमा कार्यरत कर्मचारीको क्षमता अभिबृद्धिमा जोड दिइनेछ।
- सम्भावित बजार मागलाई मध्यनजर गर्दै सहज रूपमा प्राप्त कच्चा पदार्थको उपयोग हुने गरी नयाँ उद्यमी सिर्जना गर्ने र उद्यमीलाई व्यवसायिक रूपमा स्थापित गर्न प्रविधि तथा अन्य सामग्री हस्तान्तरण गरिनेछ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- लक्षित वर्गअल्पसंख्यक तथा सिमान्तकृत समुदायलाइ रोजगारीको अवसर सिर्जना हुने खालका सीप विकास तथा स्वरोजगारमुलक कार्यक्रम संचालन हुने व्यवस्था मिलाइनेछ ।
- आन्तरिक राजस्व बृद्धि गर्न गेरूवा र कर्णाली नदीको ढुङ्गा, गिट्टी उत्खन्न सम्बन्धि प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी थप प्रक्रिया अगाडी बढाइनेछ।

यस गेरुवा गाउँपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम "समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार" को दीर्घकालिन सोच र लक्ष्यको मार्गदर्शक दस्तावेज हो । यस नीति तथा कार्यक्रमले समृद्ध र समुन्नत गेरुवाको आकाक्षांलाई पूर्ण आत्मसाथ गरेको छ । नीति प्रक्रियामा गेरुवा गाउँपालिकाले गाउँसभा, राजनीतिक दल, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, आम नागरिक एंव सबै सरोकारवालाहरुको राय सुझावलाई आत्मसात गरिरहेको व्यहोरा स्मरण गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबैको पूर्ण साथ र सहयोग रहनेमा म विश्वस्त छु ।

अन्त्यमाः- गेरुवा गाउँपालिकाको विकास, समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष÷परोक्ष रुपले योगदान गर्नु हुने उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सभाका सदस्य, राष्ट्रसेवक कर्मचारी, पुर्व जनप्रतिनिधी, राजनीतिक दल, बुद्धिजीवी, नीजि तथा गैह्र सरकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी, सुरक्षाकर्मी, श्रमिकवर्ग लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद।